नेपाल नागरिक उड्डयन प्राधिकरण
त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालय, गौचरको
सिलबन्दी खुला बोलपत्र आव्हानको म्याद थप सम्बन्धी सूचना
(कार्यालयको वेवसाईटमा सूचना अपलोड मिति २०8२/११/२६)
(गोरखापत्रमा सूचना प्रकाशित मिति २०8२/११/२७)

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको अन्तर्राष्ट्रिय टर्मिनल भवनको प्रस्थानतर्फ पुरानो स्टेरायल हल प्रवेशद्वार सँगैको बायाँ पट्टी भित्ता रहेको स्थानको ४ (चार) व.मि.क्षेत्रफलमा आधिकारिक विदेशी सिमकार्ड विक्री पसल सञ्चालनको लागि ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले नेपाल सरकारको सम्बन्धित निकायबाट इजाजत प्राप्त गरेका इच्छुक फर्म/संस्था/कम्पनीहरुले निम्न शर्तहरुको अधिनमा रही बोलपत्र फाराम पेस गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**<u>शर्तहरु</u>**

१. यो सूचना प्रकाशित भएको मितिले ७ (तीस) औं दिन अर्थात मिति २०८२/१२/०३ को कार्यालय समय भित्र राष्ट्रिय बाणिज्य बैंङ्क, गौचर शाखामा रहेको यस कार्यालयको खाता नम्बर १६९०१००००००११००६ मा रु.५,६५०/– (अक्षेरेपी: पाँच हजार छ सय पचास रुपैंया मात्र ) (मूल्य अभिवृद्धि कर सहित) जम्मा गरी (पछि फिर्ता नहुने) दाखिला गरी सोको सक्कल भौचर यस कार्यालयको राजश्व शाखामा पेस गरी प्राप्त रसिद (Tax Invoice), नवीकरण/अद्यावधिक सहितको फर्म/संस्था/कम्पनी दर्ता प्रमाणपत्र, नेपाल दुरसञ्चार प्राधिकरणबाट आधिकारिक विदेशी सिमकार्ड विक्री गर्न जारी No objection Letter, मू.अ.कर दर्ता प्रमाणपत्र/स्थायी लेखा नम्बरको दर्ता प्रमाणपत्रको प्रतिलिपि तथा यस कार्यालयलाई तिर्न बुझाउनु पर्ने बाँकी बक्यौता भएका फर्म/संस्था वा कम्पनी र सो फर्म संस्था वा कम्पनीको व्यक्ति हिस्सेदार भएको फर्म/संस्था वा कम्पनीले सो बक्यौता फछ्र्यौट गरेको कागजात सहित निवेदन पेस गरी यस कार्यालयको कर्पोरेट महाशाखाबाट बोलपत्र फाराम खरिद गर्न सकिनेछ ।

२. बोलपत्र साथ रजिस्टर्ड फर्म/कम्पनी दर्ता प्रमाण पत्र नविकरण/अद्यावधिक सहित सम्बन्धित निकायबाट व्यवसाय सञ्चालन गर्ने अनुमति पत्र, VAT/PAN दर्ता प्रमाणपत्र, आ.व. २०८१/८२ सम्मको करचुक्ता प्रमाणपत्रको प्रतिलिपि, सञ्चालकको नागरिकताको प्रतिलिपि, व्यवसाय सञ्चालन गर्ने काम कारवाहीमा भाग लिन अयोग्य नभएको र आफूले यस सम्बन्धमा सजाय नपाएको वा कालोसूचीमा नपरेको भनी लिखित रुपमा स्व-घोषणा पत्र पेस गर्नु पर्नेछ ।

३. विदेशी सिमकार्ड विक्री पसल सञ्चालनको लागि ठेक्का अवधि ५ (पाँच) वर्षको हुनेछ । सो अवधिको न्यूनतम ठेक रकम रु.२,१५,००००/- (अक्षेरेपी दुई करोड पन्ध्र लाख रुपैंया) कायम गरिएको छ ।साथै दोस्रो वर्ष देखि कूल ठेक रकममा कार्य सम्पन्न भएको वर्षको रकम घटाई बाँकी हुन आउने ठेक रकममा नेपाल राष्ट्र बैंकले निर्धारण गरेको मूल्य वृद्धि सूचकाङ्क अनुसार थप गरी बहाल रकम बुझाउनुपर्नेछ । बहाल रकम भुक्तानीका लागि ३/३ महिनाको एक किस्ता कायम हुनेछ ।

४. बोलपत्र साथ न्यूनतम ठेक अङ्कको ५% ले हुने रु.१०,७५,०००/- (अक्षेरेपीः दश लाख पचहत्तर हजार रुपैंया मात्र) बोलपत्र जमानत रकम यस कार्यालयको रा.बा. बैंक, गौचर शाखामा रहेको धरौटी खाता नम्बर १६९०१००००००७०००१ मा जम्मा गरेको सक्कल भौचर वा सो रकम बराबरको रकम यस कार्यालयको नाममा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त "क" वर्गको वाणिज्य बैंकबाट जारी भएको बोलपत्र खोलिने मितिबाट कम्तिमा १८० दिन मान्य अवधि भएको बैंक ग्यारेन्टी (Bid Bond) बोलपत्रसाथ पेस गर्नुपर्नेछ ।

५. बोलपत्र फाराम यो सूचना प्रकाशित भएको मिति देखि ७ (सात) दिन भित्र अर्थात मिति २०८२/१२/०३ भित्र खरिद गरी ८ (आठौं) औ दिनको १२:०० बजे भित्र यस कार्यालयको कर्पोरेट महाशाखामा दाखिला गरिसक्नु पर्नेछ ।दाखिला हुन आएका बोलपत्रहरु ७ (आठौं) औ दिनको २:०० बजे सम्बन्धित बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ ।सो दिन बोलपत्रदाताको तर्फबाट अख्तियारी पत्र सहित प्रतिनिधि उपस्थित हुनुपर्नेछ ।बोलपत्रदाता वा निजको

प्रतिनिधिको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।बोलपत्र खरिद गर्ने तथा दर्ता गरिने अन्तिम दिन सार्वजनिक विदा परेमा सोको लगत्तै कार्यालय खुलेको दिन सोही समयमा खरिद तथा दर्ता गरिनेछ ।

६. दाखिला गर्ने बोलपत्रको खाम सिलबन्दी गरी खाम बाहिर कुन विषयको बोलपत्र हो, सो स्पष्ट लेखी श्री कर्पोरेट महाशाखा त्रि. अ. वि. ना. उ. कार्यालय, गौंचरलाई सम्बोधन गरी कर्पोरेट महाशाखामा दर्ता गराउनु पर्नेछ ।

७. बोलपत्रको दररेट भर्दा अंक र अक्षर दुवैमा लेखिएको हुनुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।केरमेट वा प्रष्ट सँग नबुझिने गरी भरिएको बोलपत्र फारामलाई मान्यता दिईनेछैन ।

८. रीत नपुगी वा म्याद नाघी वा शर्त राखी आएका बोलपत्र उपर कुनै कारबाही गरिने छैन ।

९. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने तथा जुनसुकै कारणले बोलपत्र प्रकृया रद्द गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१०. बोलपत्रका अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुनेछ ।

११. यो सूचना नेपाल नागरिक उड्डयन प्राधिकरणको Website: www.caanepal.gov.np र www.tiairport.com.np मा समेत उपलव्ध हुनेछ ।

१२. यस सूचनामा नपरेका अन्य कुराहरु विमानस्थल सेवा शुल्क नियमावली, २०७८ तथा प्रचलित ऐन, नियमानुसार हुनेछ।

१३. यस सम्बन्धी अन्य कुरा बुझ्नु परेमा यस कार्यालयको कर्पोरेट महाशाखामा कार्यालय समयभित्र बुझ्न सकिनेछ ।

१४. सूचनामा भएका शर्त र बोलपत्रका शर्तहरुको अलावा आवश्यक अन्य शर्तहरु सम्झौता पत्रमा राख्न सकिनेछ ।